नेपाल राष्ट्र बैंक
भुक्तानी प्रणाली विभाग

बालुवाटार, काठमाडौं
फोन:४४१९८०४/५/७
एक्स्टेन्सन: ६१४/६११/६०६
फ्याक्स: ४४४३८७८
E-mail : psdept @nrb.org.np
Web : www.nrb.org.np

पत्र संख्या- भु.प्र.वि/नीति/सूचना/०४/३९/०८३/८४

मिति :- २०८३/०६/२८

सूचना

अनुमतिपत्रप्राप्त भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक संस्थाहरु,

महाशय,

विजया दशमी, दीपावली तथा छठ पर्व, २०८३ को समयमा हुने सार्वजनिक बिदाको अवधिलाई लक्षित गरी हुन सक्ने साइबर फ्रड/स्क्यामको जोखिमलाई मध्यनजर गर्दै उक्त अवधिमा विद्युतीय माध्यम सम्बद्ध आर्थिक ठगीका घटनाको कारोबार विवरण समयमै उपलब्ध गराउन र शंकास्पद वालेट तथा कारोबार पहिचान गरी तत्काल रोक्का गरी अनुसन्धान प्रक्रियालाई सहजीकरण गर्न भुक्तानी प्रणाली सञ्चालक तथा सेवा प्रदायक संस्थाहरुले जिम्मेवार सम्पर्क व्यक्ति तोकी निजको नाम, पद र मोबाइल नम्बर र २४/७ अनुगमन हुने ड्युटी इमेल ठेगाना (Duty/On-Call Email ID) विवरण नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरोको इमेल ठेगाना cbpillar2@nepalpolice.gov.np मा उपलब्ध गराइदिनुहुन यो सूचना जारी गरिएको छ ।

भवदीय,

कार्यकारी निर्देशक